सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ८ ♦ अंक १२४ ♦ २०८१ साल मंसीर २९ गते शनिवार ♦ 14 Dec 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## पत्रकार महासंघ धनुषा शाखामा पुरन साहको नेतृत्वमा बहुमत कार्यसमिति निर्वाचित

**खबर दर्पण समाचारदाता**

**मंसीर २८ गते, जनकपुरधाम**



नेपाल पत्रकार महासंघ धनुषा शाखामा पुरन साहको नेतृत्वमा बहुमत कार्यसमिति निर्वाचित भएको छ।

साहले ८२ मत ल्याएर निर्वाचित भएको छ भने उनको प्रतिद्धन्दी नित्यानन्द मण्डलले ५१ मत प्राप्त गरेका छन् । साह प्रेस युनियन र चौतारी गठबन्धनको उम्मेदवार हुन् भने मण्डल प्रेस सेन्टर, प्रेस मंच र समाजवादी प्रेस संगठनको गठबन्धनका उम्मेदवार हुन् ।

त्यसैगरी उपाध्यक्षमा अवधेश कामतले ७० मत ल्याई विजयी भएको छ भने उनको निकटतम प्रतिद्धन्दी संजिवकुमार झाले ४० मत प्राप्त गरे। महिला उपाध्यक्षमा नेहा झाले ७७ मत ल्याएर विजयी भएको छ भने उनको प्रतिद्धन्दी बरुणा कर्णले ४७ मत ल्याउन सफल भए। सचिव पदमा बटुकनाथ झाले ५६ मत ल्याएर जित हात पारे भने उनको प्रतिद्धन्दी सुभाष कर्ण र विकास साहले ३८(३८ मत ल्याए। सह सचिव पदमा अर्जुन मण्डलले ६४ मत ल्याएर विजयी भए भने उनको प्रतिद्धन्दी प्रमोद कुमार साहले ६४ मत ल्याए। सहसचिव समावेशी अन्तर्गत दिपेश मल्लिकले ७९ मत ल्याई विजयी भए भने प्रतिद्धन्दी भने भोला यादवले ३९ मत प्राप्त गरे

कोषाध्यक्ष पदमा गोबिन्द महतोले ६८ मत ल्याएर विजयी भए भने उनको प्रतिद्धन्दी राम कमल महतोले ५९ मत ल्याउनमा सिमित भए।

दलित सदस्यमा दिलिप दास, महिला सदस्यमा चाँदनी झा, आदिवासी जनजातीमा लक्ष्मी चौधरी, खुल्ला सदस्यहरुमा माला राय, राहुल सिंह, राजा झा, कमलेश ठाकुर, सुमित मिश्र, जीवनारायण झा, सपना कर्ण , समावेशी (मुश्लिम, अपांगता सदस्य मो. इन्तखाम आलम विजयी भएका छन्।

प्रदेश परिषद सदस्यहरुमा अजयकुमार साह, बबलु चौधरी, कमल साह, उत्तिमलाल कापडी, उमेश झा, दिनेश शर्मा, नवोनारायण झा र अमरकान्त ठाकुर सबै निर्विरोध निर्वाचित भएका छन्।

यता केन्द्रिय परिषद सदस्यमा समावेशी तर्फ महिला सदस्यमा रेणु झा निर्विरोध निर्वाचित हुनु भएको छ भने खुला र मधेसी तर्फ श्रीनारायण साह र अजयकुमार झा निर्वाचित भएका छन्।

## पत्रकार महासंघ महोत्तरी शाखामा महेश दास को नेतृत्वमा कार्यसमिति निर्वाचित

**खबर दर्पण समाचारदाता**

**मंसीर २८ गते, बर्दिवास**



नेपाल पत्रकार महासंघ महोत्तरी शाखामा महेश दास को नेतृत्वमा कार्यसमिति निर्वाचित भएको छ॥


नेपाल पत्रकार महासंघको निर्वाचन शुक्रबार समपन्न निर्वाचनमा अध्यक्षमा दासले ३२ मत प्राप्त गरी विजयी भएका छन् भने उनको प्रतिद्धन्दी संतोष सिंहले २९ मत ल्याएका थिए । त्यसैगरी उपाध्यक्षमा अरविन्द

*बाँकी पृष्ठ २ मा*

**शिरीष अफसेट प्रेस**

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प



✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# पत्रकार महासंघ महोत्तरी...

कुमार झाले ३१ मत ल्याई विजयी भएको छ भने प्रतिद्वन्दीसंजित कुमार मण्डलले २८ मत ल्याएका थिए। महिला उपाध्यक्षमा आशा कुमारी तोलाई ३२ मत ल्याएर विजयी भएकी छिन् भने उनको प्रतिद्वन्दी भाग्यरेखा ठाकुरले २८ मत ल्याएकी थिइन्। सचिव पदमा रामनारायण महतोले ३३ मत ल्याएर जित हात पारेका छन् भने उनको प्रतिद्वन्दी विशाल बस्नेतले २८ मत ल्याएका थिए। सह सचिव पदमा दिपक कुमार पाण्डेले ३२ मत ल्याएर विजयी भएका छन् भने उनको प्रतिद्वन्दी नागेन्द्र कुमार यादवले २८ मत ल्याएका थिए। सहसचिव समावेशी अन्तर्गत शर्मिला घिमिरेले ३१ मत ल्याई विजयी भएकी छिन् भने १ मतले अमृत कुमार महतो हारेका छन्।

कोषाध्यक्ष पदमा राजीव कुमार राय कुर्मी ३१ मत ल्याएर विजयी भएका छन् भने उनको प्रतिद्वन्दी नवीन कुमार चौधरी २९ मत ल्याउनमा सिमित रहे। दलित सदस्यमा ममता विश्वकर्मा ३१ मत ल्याएर विजयी भएकी छिन् भने उनको प्रतिद्वन्दी मन्जित राम २९ मत ल्याउन सके। महिला सदस्यमा रजनी कुमारीले ३३ मत ल्याएर विजयी भएकी छिन भने उनको प्रतिद्वन्दी शुभद्रा भुजेलले २७ मत ल्याउन सकिन। मधेसी सदस्य पदमा निरञ्जन साह ३० मत ल्याएर विजयी भएको छ भने उनको प्रतिद्वन्दी रोशन कुमार महतोले २९ मत ल्याउन सके।

खुला सदस्य पदमा उषा आचार्यले ३१,जिवन राज दाहालले ३०,टेक प्रसाद पोखरेल २८,निरुता कुमारी चौधरी २८,विनय कुमार यादव २९,रञ्जित कापर २६,राम बाबु यादव २६ र सरस्वती लामा २८ मत ल्याएर विजयी भएका छन्।

समावेशी सदस्य पदमा विष्णु गुप्ताले ३३ मत ल्याएर विजयी भएको छ भने उनको प्रतिद्वन्दी लक्ष्मी कुमार साहले २७ मत ल्याएर हारेका छन्। केन्द्रीय परिषद सदस्यमा ३४ मत ल्याएर गोपाल बराल विजयी भएका छन्।

त्यसैगरी प्रदेश परिषद सदस्य पदमा दशरथ भण्डारी ३६,रञ्जन भण्डारी ३५,कृष्णचन्द्र झा ३३,धनवीर महतो ३३ र अजय कुमार सिंह २९ मत ल्याएर विजयी भएका छन्।

# चुरेको विकट बस्तीमा कष्टपूर्ण दैनिकी

**खबर दर्पण समाचारदाता**

**मंसीर २८ गते, बर्दिवास**

तराईको सुगम जिल्ला अन्तर्गत पर्ने सर्लाहीको उत्तरी चुरे भेगका विकट बस्तीमा बसोबास गर्ने स्थानीय बर्सौंदेखि समस्याग्रस्त दैनिकी गुजार्न बाध्य छन्। भौगोलिक हिसाबले दुर्गम क्षेत्रमा पर्ने यहाँको चुरेपाखाका स्थानीय सडक, बिजुली, खानेपानी, स्वास्थ्य सुविधा जस्ता आधारभूत सेवाबाट वञ्चित रहेका छन्। जिल्लाको ईश्वरपुर, लालबन्दी, हरिवन र बागमती नगर पालिकाको चुरे भेगका दर्जनौं बस्तीमा सडक पुगेको छैन। स्थानीय चुरेपाखाको कच्ची भिरालो बाटो तथा खोला किनार बाट आवतजावत गर्न बाध्य छ। चुरे भेगका केही क्षेत्रमा हिउँदयामभर खोलाको बगरबाट गाडी चले पनि माथि डाँडामा रहेका बस्तीमा पैदल हिँडेर जानुबाहेक अन्य विकल्प छैन।

लालबन्दी नगरपालिका १५, शिर कालिन्जोरका जितबहादुर स्याङ्तानले बस्तीमा खानेपानी र सडकको समस्या रहेको गुनासो गर्नुभयो। 'बस्तीसम्म आउने गतिलो सडक छैन, कुवाको पानी पिउने गरेका छौं,' स्याङ्तानले भन्नुभयो, 'जे जस्ता समस्या भए पनि विपन्नताले गर्दा बस्ती छाडेर जान पनि सकेका छैनौं।'

स्याङ्तानले बजारसम्म औषधोपचार वा किनमेलका लागि जानु पर्दा एक घण्टाभन्दा बढी चुरेपाखाको गोरेटो बाटो हिँडेर गाडी चल्ने ठाउँसम्म पुग्ने गरेको बताउनुभयो। चुरे भेगका बस्तीमा अधिकांश स्थानीय बजार सम्म आउजाउ गर्नु पर्दा गाडी चल्ने स्थान चुरेफेदीसम्म पैदल हिँडेर आउने गरेका छन्। सामान्य अवस्थामा पैदल हिँडेर आउन अप्ठेरो नरहे पनि बिरामी पर्दा भने असाध्यै समस्या पर्ने गरेको स्थानीयको दुःखेसो छ। विद्यार्थी दैनिक एक घण्टाभन्दा बढी हिँडेर विद्यालय पुग्ने गरेका छन्।

चुरेका प्रत्येक बस्तीमा विद्यालय छैन। चुरेडाँडामा झुरुप्प बस्तीभन्दा छरिएर रहेका घर धेरै हुन्छन्। एउटा बस्तीबाट अर्को बस्तीमा रहेको विद्यालयसम्म पुग्न घण्टौं लाग्ने गरेको स्थानीय बताउँछन्। ईश्वरपुर नगरपालिका १२, पिपलदमार गाउँकी सुकरानी मोक्तानले गाउँमा कोही बिरामी पर्दा एक घण्टाभन्दा बढी झोलुङ्गोमा राखेर गाडी भएको ठाउँसम्म बोकेर ल्याउने गरिएको बताउनुभयो। उहाँले गाउँसम्म आउने बाटोको ट्र्याक निर्माण भए पनि यातायातका साधन सञ्चालन नभएको बताउनुभयो। 'मान्छे हिँडेर आउन सक्ने ट्र्याक बाटो त छ तर गाडी चल्दैन, मोक्तानले भन्नुभयो, सुत्केरी वा कोही बिरामी परे झोलुङ्गोमा हालेर घारिबथानसम्म पुर्‍याउँछौं।' मोक्तानले गुइडुङसम्म बिजुली आए पनि सबै घरमा तार नपुगेको गुनासो गर्नुभयो। उहाँले बस्तीका अधिकांश घरमा तार टाँगिए पनि आफ्नो र अन्य तीन-चार घरमा बत्ती नपुगेको दुःखेसो पोख्नुभयो। भौगोलिक हिसाबले विकट रहेका चुरे भेगका बस्तीमा वडा तथा नगरको सीमित बजेटले मात्रै स्थानीयको आवश्यकता र अभाव पूर्ति गर्न नसकिएको जनप्रतिनिधिको भनाइ छ।

ईश्वरपुर नगरपालिका १२, कालिन्जोरका वडाध्यक्ष देवीबहादुर खत्रीले भौगोलिक हिसाबले निकै ठुलो रहेको आङ्ग+ नो वडामा सीमित बजेट खर्चेर चुरेका सबै बस्तीमा योजना लान नसकिने बताउनुभयो।

वडाध्यक्ष खत्रीले चुरेपाखामा छरिएर रहेका बस्तीमा वडाले मात्रै बजेट खर्चेर केही नहुने बताउनु भएको छ। 'चुरेडाँडामा एक घर बाट अर्को घरसम्म बाटो पुर्‍याउन लाग्यौं भने करोडौं रुपियाँ खर्च गर्नुपर्ने अवस्था हुन्छ,' उहाँले भन्नुभयो, 'बाक्लो बस्ती रहेको क्षेत्रमा खानेपानी, बिजुली पुर्‍याइरहेका छौं तर छरिएर रहेका सबै घरलाई समेट्न सक्ने अवस्था नै हुँदैन।' कतिपयले चुरेका विकट डाँडापाखामा रहेका बस्ती अन्यत्र सार्नु नै उत्तम हुने तर्क गर्ने गरेका छन्। हरिवन नगर पालिका-१ का वडाध्यक्ष टमबहादुर घिसिङले चुरेका स्थानीयको दयनीय दैनिकी देख्दा दुःख लाग्ने गरेको बताउनुभयो।

वडाध्यक्ष घिसिङले आफ्नो वडाभित्रै दिनभर हिँड्दा पनि चुरेका सबै घरमा पुग्न सक्ने अवस्था नरहेको दुःखेसो पोख्नुभयो। चुरेका सबै बस्तीमा एकै दिनमा पुगेर भ्याइँदैन, त्यस्तो ठाउँमा कसरी सबै प्रकारको विकास पुर्‍याउन सम्भव हुन्छ ? वडाध्यक्ष घिसिङले भन्नुभयो। सिन्धुलीसँग सीमा जोडिएको सर्लाहीको उत्तरी चुरे भेगका स्थानीयलाई दैनिक आवश्यक पर्ने खाद्यान्न वस्तु खरिद गर्न तथा औषधोपचार गर्न लालबन्दी र हरिवन बजार आउनुपर्ने बाध्यता छ। चुरेपाखाको एलानी जग्गामा बस्ने स्थानीयको आम्दानीको स्रोत विदेशबाट परिवारका सदस्यले पठाउने रेमिट्यान्स हो।

पाखो बारीमा मकै, कोदो, फापर, तोरी, बोडीलगायतका बाली उब्जिए पनि केही महिना मात्रै खान पुग्ने स्थानीयले बताएका छन्। बागमती नगरपालिका १ का वडाध्यक्ष गम्भीरसिंह पाखिनले आफ्नो वडा पूर्वपश्चिम राजमार्गदेखि निकै नजिकै पर्ने भए पनि पाखापखेरा र छरिएर रहेका घरका कारण विकास निर्माणका काम गर्नै मुस्किल रहेको गुनासो गर्नुभयो। वडाध्यक्ष पाखिनले छरिएर रहेका बस्तीमा सडक, खानेपानीलगायत सबैथोक पुर्‍याउन अझै बर्सौंसम्म लाग्ने अवस्था रहेको बताउनुभएको छ। सम्भव भएको चुरेका केही बस्तीमा धुले कच्ची सडक पुर्‍याएको उहाँको भनाइ छ।

## भाग्य चक्र

**मेष** - मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। अपूरा कार्य पूर्ण हुनेछन्।

**वृष**- व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ। धार्मिक यात्राको योग रहेको छ।

**मिथुन**-आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कर्कट** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**सिंह** - सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कन्या** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**तुला** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**वृश्चिक** - सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ। सचेत एवं सावधान रहनु होला।

**धनु** - अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**मकर** -समय अनुकुल छ। व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ।

**कुम्भ**- अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्। उपहारआदी प्राप्त हुनेछ। उपहारआदी प्राप्त हुनेछ।

**मीन** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ,।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बह्मर प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# जसपा नेपालले पालिका अधिवेशन गर्ने , स्थानीय तहको परिणाम सन्तोषजनक, अभियानलाई निरन्तरता

**खबर दर्पण समाचारदाता**

**मंसीर २८ गते, बर्दिवास**




जनता समाजवादी पार्टी( जसपा)नेपालले स्थानीय तहको उपचुनावको परिणाम सन्तोषजनक रहेको ठहर गरेको छ । पार्टी कार्यकारिणी समितिको शुक्रबारदेखि शुरु भएको बैठकमा स्थानिय तहको उपनिर्वाचनको परिणाम उत्साहवर्द्धक रहेको निष्कर्ष निकालेको छ ।

मधेश प्रदेशको सप्तरी जिल्लाको डाकनेश्वरी नगरपालिकाको वडा नम्बर १ र ४ मा जसपा नेपालले वडा अध्यक्ष जितेको हो । त्यो दुबै वडामा यस अघि नेपाली काँग्रेसले जितेको थियो । सप्तरी जिल्लाको एउटै पालिकाको दुईवटा वडामा मात्र चुनाव भएको थियो । जसपा नेपालले कांग्रेसबाट दुबै सिट खोसेको हो ।

रौतहटको गढीमाई नगर पालिकाको वडा नम्बर १ को उपचुनावमा भने जसपा नेपालको सिट गुमेको हो । त्यहाँ जसपा नेपालले काँग्रेसबाट प्रवेश गरेकालाई उम्मेदवार बनाएको थियो । जसपा नेपालको अवस्था चौथो नम्बरमा थियो । त्यस वडामा पार्टीकै नेता, कार्यकर्ताहरु असहयोग गरेको कार्यकारिणी समितिको बैठकमा चर्चा भएको छ ।

स्थानीय तह उप निर्वाचनमा कुल १२ स्थानमा उम्मेदबारी दिएको जसपाले मधेश प्रदेशका दुई वडा अध्यक्षमा मात्र विजयी भएको छ । रौतहटमा एउटा सिट गुमाएपनि सप्तरीमा दुई सिट जितेकाले शतप्रतिशत जितमा बृद्धि भएको नेताहरुले बताएका छन् । कार्यकारिणी समितिको बैठकले जसपा नेपालले चलाएको जनतासँग जसपा नेपाल, संगठन बिस्तार अभियान अत्यन्त प्रभावकारी भएको ठहर गरेको छ । संगठन बिस्तारमा अभियान अत्यन्त प्रभावकारी रहेको धारणा राख्दै सदस्यहरुले त्यसलाई पुस र माघ महिनामा पनि निरन्तरता दिनुपर्ने धारणा राखेको उप-महासचिव सुरेश मण्डलले बताए । संगठन विस्तारका लागि भएको अभियान जनस्तरमा प्रभावकारी देखिएको हुँदा यसलाई दुई महिना थप गरि नेछ उनले भने, अभियानले संगठनलाई बिस्तार गरेको र नेता, कार्यकर्ताहरुलाई सक्रिय बनाएको छ । पार्टी अध्यक्ष उपेन्द्र यादवको अध्यक्षतामा सुरु भएको बैठकले पार्टीको निजी भवन निर्माणबारे छलफल गर्नेछ ।

पार्टीको आर्थिक विभाग गठन भएकाले खाता सञ्चालन लगायतका प्रकृयाको लागि विधानमा संशोधन गरिने निर्णय बैठकले गर्नेछ । पार्टीको कार्यालय भवन निर्माण कार्य प्रारम्भ भएको छ । कार्यालय भवन निर्माणका लागि आर्थिक विभाग प्रमुख रहेका बलराम महतोले जिम्मेवारी पाउने बताइएको छ ।

भवन निर्माणको जिम्मेवारी र खाता सञ्चालनको कामपनि महतोलाई दिने निर्णय शनिवार हुनेछ । कार्यकारिणी समितिले पार्टीको स्थानीय तहको संगठनात्मक संरचनालाई अझ सुदृढ बनाउन अधिवेशन गर्ने तयारी गरेको छ । बैठकमा स्थानीय तहको अधिवेशनलाई एजेण्डा बनाइएको छ । अधिवेशनको विषयमापनि बैठकले निर्णय लिने उपेन्द्र महासचिव मण्डलले बताए ।

एकताको प्रथम राष्ट्रिय महाधिवेशन पार्टीको सम्पन्न भइसकेपनि स्थानीय तहको अधिवेशन गर्न बाँकी रहेकोले अभियानसँगै त्यसलाई पनि सुरु गर्ने विषयमा छलफल जारी रहेको मण्डलले बताए । संघीय सरकार र प्रदेश सरकारको विषय बैठकको एजेण्डा नभएपनि बिबिध एजेण्डामा त्यस सम्बन्धमा छलफल हुन सक्ने नेताहरुले बताएका छन् ।

संघीय गठबन्धनमा जसपा नेपाल रहेपनि संघीय र प्रदेश सरकारमा सहभागि छैन् ।दुवै तहको सरकारबारे जसपा नेपालका नेताहरु मौन नै देखिएका छन् । सहकारीको रकम अपचलन गरेको अभियोगमा प्रहरी अनुसन्धानमा रहेका रवी लामिछानेको विषयमा विपक्षी दलहरुले टिप्पणी गरिरहँदा जसपा नेपालका नेताहरुले मुख खोलेका छैनन् ।

मधेश प्रदेश लगायतमा बिउ र मलको चरम अभाव रहेको किसानहरुले कालोबजारबाट मल खरिद गरिरहेको भएपनि जसपा नेपालले कुनै प्रतिक्रिया जनाएको छैन । नेता मण्डलका अनुसार सरकारमा जाने अथवा सरकार को आलोचना गर्ने विषय भन्दा जनताको समस्याबारे जनताको माझ नै छलफल गर्ने अभियानलाई प्राथमिकतामा र ाखिएको छ ।

जसपा नेपालले कार्यकारिणी समिति र पदाधिकारीमा संख्या थप्ने अधिकार केन्द्रिय अध्यक्षलाई दिएपनि त्यस विषयमा निर्णय नहुँदा अझै धेरै नेता असन्तुष्ट छन् ।उनीहरुले पार्टी नछाडेपनि निष्कृय रहेका छन् ।पार्टीका केहि केन्द्रिय सदस्यहरुले साथ छाडिसकेको र केहि अझै छाडने तयारीमा रहेको बताइन्छ ।


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**औरही नगरापालिका, महोत्तरी**



## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।



**मटिहानी नगरापालिका, महोत्तरी**

## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा घाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# जानकी मन्दिर परिसरमा मिथिला चित्रकलाले सिँगार्दै कलाकार ठाकुर

**खबर दर्पण समाचारदाता**
**मंसीर २९ गते, बर्दिवास**



त्रेता युगमा रामसीताको विवाहका लागि मिथिला नगरीलाई सजाउन तयार पारिएका चित्रहरू मै आधारित मिथिला चित्रकलाले अहिले विश्वव्यापी पहिचान बनाइसकेको छ। जनकपुर धाममा मिथिला कलाको अभाव भइरहेको बेला मिथिला चित्रकार सुनैना ठाकुरले व्यक्तिगत लगानीमा जानकी मन्दिर परिसरमा मिथिला चित्रकला उतारिरहनुभएको छ। प्राचीन मिथिलाको राजधानी तथा वर्तमान मधेश प्रदेशको राजधानीसमेत रहेको जनकपुर धाममा बेलाबखत सरकारी तथा गैरसरकारी बजेट लगानीमा मिथिला चित्रहरू भित्तामा कोरिने गरिएका छन् तर मिथिला चित्रकार सुनैनाले जनकजीको नगरीमा विवाहपञ्चमी अर्थात् सीताको स्वयंवरमा सीताको आँगन जानकी मन्दिरलाई आधुनिक बत्तीले मात्र सजाएको देख्दा उहाँको मनले नमानेपछि परम्परागत संस्कृति झल्काउने उद्देश्यले व्यक्तिगत लगानीमै मिथिला चित्रकलामा रामसीताको स्वयंवर र कोहबर बनाउनुभएको हो।

प्रत्येक वर्ष जनकपुरको जानकी मन्दिरमा धुमधामका साथ मनाइने विवाहपञ्चमीमा समेत जानकी मन्दिरलाई झिलिमिली आधुनिक बत्तीले र बनावटी फूलमालाले मात्र सजाइन्छ तर प्राचीन विवाहलाई स्मरण गर्दै महामहोत्सवका 'रूपमा मनाइने विवाहको सजावटमा प्राचीन मिथिला कला भने झल्केको देखिँदैन।' त्यस कारण चित्रकार ठाकुरले आफ्नो मेहनत र सामग्रीले भ्याएसम्म स्वयंवर र कोहबरको चित्र कोर्नु भएको हो। अहिले त्यो चित्र जानकी मन्दिर आउने दर्शकका लागि आकर्षणको केन्द्र समेत बनेको छ।

'धुमधामका साथ मनाइने विवाहमा जानकी मन्दिरका भित्ताका रङ उप्किएका, फुटेको देखेर मनले चुपचाप बस्न मानेन त्यस कारण आफूसँग भएका सामग्री र सिपबाट यहाँका भित्ता सजाउन लागे, चित्रकार ठाकुर भन्नुहुन्छ'। हजारौं श्रद्धालुको उपस्थिति रहने विवाहपञ्चमी महोत्सवको मुख्य स्थल जानकी मन्दिरमा कुनै रङरोगन नहुँदा कला र संस्कृति संरक्षणमा प्रदेश सरकारको बेवास्ता देखिएको मिथिला चित्रकार ठाकुर बताउनुहुन्छ।

'प्रदेश सरकारले पर्खाल सजाउन लाखौं बजेट खर्च गरिरहेको छ तर जानकी मन्दिर परिसरको कुनै पनि पर्खालमा कसैको आँखा पुगेन,' ठाकुर भन्नुहुन्छ। उहाँले आफ्नै व्यक्तिगत लगानीमा जानकी मन्दिर प्रांगन र लक्ष्मण मन्दिर अगाडि रहेको हनुमान मन्दिरमा रामसीताको स्वयंवर र कोहबर चित्र बनाउनुभएको छ। उहाँ भन्नुहुन्छ, 'म र मेरो टोलीको मेहनत र मसँग भएको चित्रकलाको सामग्रीले चित्र बनाउन सकिन्छ भने हाम्रो छोरीचेलीको आँगन किन नसजाउने, त्यस कारण बनाउन लागेको हुँ।'

'मिथिला चित्रकार र मिथिलावासीको नाताले जानकीजीको आँगनमा कुनै रङरोगन नहुनु मेरो मनले मानेन,' उहाँले थप्नुभयो। उहाँको काम हेर्ने धेरैले यसलाई बजेटमा गरिएको कार्यक्रम हो कि भनेर प्रश्न उठाउने गरेको सुनैना बताउनुहुन्छ तर यो उहाँको व्यक्तिगत लगानी र जानकीजीप्रतिको आस्थाबाट प्रेरित भएको उहाँ बताउनुहुन्छ।

यस्तै चित्रकलाको माध्यमबाट जनकपुर सहरलाई सजाउने क्रममा प्रदेश सरकारले प्रदेश मन्त्रालय परिसरको पर्खालमा ७० भन्दा बढी मिथिला चित्र बनाएको छ तर जानकी मन्दिर परिसरमा प्रदेश सरकारको ध्यान जान सकेको छैन। जहाँ मन्त्रालय परिसरका पर्खाललाई मिथिला चित्रले सजाइएको छ। त्यहाँ जानकी मन्दिरमा ध्यान नजानु विडम्बना हो। जबकि रामजानकी विवाहको तिलकोत्सवको भार लिएर मुख्यमन्त्रीसहितको टोली अयोध्या पुगेको थियो तर त्यही जानकी मन्दिरलाई बेवास्ता गरिएको देखियो। स्थानीय बासिन्दा र श्रद्धालुहरूले जानकी मन्दिर जस्तो ऐतिहासिक स्थललाई बेवास्ता गरिनु सरकारको असंवेदनशीलता भएको बताउँछन्। प्रदेश मन्त्रालयको पर्खालभरि रामायण कथालाई वर्णन गर्ने दृश्य मिथिला चित्रकलामा दर्शाउन खोजेको छ। जहाँ प्रत्येक चित्रले त्रेता युगमा रामसीताको विवाहको झल्को दिइरहेको अनुभूत हुन्छ। यस चित्रले सांस्कृतिक सौन्दर्य र धार्मिक आस्थालाई झल्काइरहेको छ। यी चित्रहरू केवल भित्ताका सजावट मात्र नभई, मिथिलावासीको जीवनशैली, परम्परा र आस्थालाई अभिव्यक्त गरिरहेका देखिन्छन्।

यस्तै अहोरात्र खटेर मिथिला चित्र कोर्नमा व्यस्त हुनुभएकी मिथिला चित्रकार पुनम झा भन्नुहुन्छ, 'यसरी रामायण कथा मिथिला चित्रमा वर्णन गर्न पाउँदा त्रेता युगमा मिथिलामा भगवान् रामको सद्गतमा मिथिलावासी सजाएको भान भइरहेको छ। यसरी मिथिला क्षेत्रले परिचित जनकपुरधाममा विवाहपञ्चमीका अवसरमा रामायण कथा मिथिला चित्रमा कोर्न पाउनु सौभाग्य हो, यसअघि थुप्रै चित्र कोरें तर यसरी आफ्नै सहर सजाउन चित्र कोर्न पाउँदा मनै प्रफुल्ल भएको छ।'


## सुशासन किन ?

- कानूनी राज्य र विधिको शासन स्थापना गर्न,
- पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गर्न,
- भ्रष्टाचार र अनुशासनहीनताको रोकथाम र नियन्त्रण गर्न,
- मानव अधिकारको प्रत्याभूति गर्न,
- सार्वजनिक सेवामा नागरिक अधिकार कायम गर्न,
- जनसहभागिता प्रवर्द्धन गर्न,
- जनमुखी र सक्षम प्रशासनयन्त्र स्थापना गर्न,
- सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउन।

**पीपरा गाउँपालिका महोत्तरी**






**शुभ स्वस्तिक हस्पिटल प्रा. लि.**
**बर्दिवास मेडिकल हल**
**स्वस्तीक मेडिको प्रा. लि.**
बर्दिवास, महोत्तरी
सम्पर्क नं. ०४४-५५०२५५, ९८४४०१५६१६
**बर्दिवासमा पहिलो CT SCAN सेवा**




सुविधा सम्पन्न आफ्नै भवनमा अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवा सहित ३ वर्षे नर्सिङ्ग कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,